# मिति २०७७।१२।१९ गते बसेको ७७ औं नगर कार्यपालिकाको बैठकका निर्णयहरु:

**निर्णय नं. १** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को प्रावधान तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च. नं. ३९३ मिति २०७७/१०/०९ को पत्र अनुसार यस कार्यालय र अन्तर्गत कार्यरत करार / ज्यालादारी कर्मचारीहरुको सेवा निरन्तरता सम्बन्धमा कार्यपालिकाको मिति २०७७।११।२२ को ७६ औं बैठकले फागुन मसान्तसम्म मात्र म्याद थप गर्ने निर्णय गरेको। ऐ. ऐनको दफा ८३(८) को व्यवस्थाले कार्यालय सहयोगी लगायतका पदमा करार सेवामा कामकाज लगाउन सकिने व्यवस्था बमोजिम हाल अध्ययन भैरहेको संगठन तथा सर्वेक्षण प्रतिबेदनमा उल्लेख भए अनुसार कार्यपालिका र नगर सभाले पारित गरे बमोजिमको दरबन्दीमा जनशक्ति पूर्ति हुने गरी हाललाई सेवा सुचारु गर्न अत्यावश्यक कार्यालय सहयोगी पदमा कार्यरत कर्मचारीहरुसंग र अन्य पदमा हालसम्म सेवा गरेका कर्मचारीहरु कार्यालय सहयोगी पदमा रही सेवा निरन्तरता दिन मन्जुर भएमा एक वडा / संयुक्त वडा एक कार्यालय सहयोगी रहने गरि अर्को व्यवस्था नभए सम्मका लागि सेवा करार गरि काममा लगाउने निर्णय गरियो।

**निर्णय नं. २** गैंडाकोट नगरपालिका र अन्तर्गत विभिन्न वडा समितिबाट निर्णय भई आए बमोजिमका आ.व.२०७७/०७८ सम्मका योजनाहरुलाई विभिन्न कारणले साविक योजना असान्दर्भिक भएका वा अन्य निकाय वा श्रोतबाट सम्बोधन भएका वा तत्काल नयाँ काम गर्न अत्यावश्यक भएका देहायका योजनाहरुलाई वडा समितिको सिफारिसमा संशोधन/परिमार्जन गर्ने निर्णय गरियो।

| वडा नं. | | साविक | | रकमान्तरित रकम | संशोधन/नयाँ | | हालको बजेट | कारण |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना | रकम | | योजनाहरु | रकम | | |
| १ | १ | लक्ष्मी नरसिह मन्दिर देखी श्याम सुन्दरको घर जाने बाटो ग्रावल | 100000 | 100000 | लक्ष्मी नरसिह मन्दिर देखी श्याम सुन्दरको घर जाने बाटो ढलान | 0 | 100000 | वडाको सिफारिस |
| ४ | १ | सार्वजनिक फूल खेति २०७७–७८ | 50000 | 50000 | जयश्री सिंचाइ कुलो मर्मत | 0 | 50000 | वडाको सिफारिस |
| | २ | चिल्ड्रन पार्क हेरालु कार्यक्रम २०७७–७८ | 200000 | 200000 | पार्कमा शिवको मुर्ति स्थापना, मोज्याक टायल र पर्खाल लगाउने | 0 | 500000 | वडाको सिफारिस |
| | ३ | चिल्ड्रेन पार्क निर्माण २०७७–७८ (नगरस्तरिय) | 300000 | 300000 | | | | वडाको सिफारिस |
| ५ | १ | वडाको पुर्ण सरसफाइ २०७६–७७ | 149576 | 149576 | ओम शान्ति मार्ग रि पिच | 0 | 149576 | वडाको सिफारिस |
| ८ | १ | बिभिन्न भैपरि आउने खर्च | 550000 | 100000 | बालकृष्ण अधिकारिको घरबाट कौशिला आचार्यको घरसम्म जाने बाटोमा मोजाइक टाइल लगाउने | 200000 | 300000 | वडाको सिफारिस |

गैंडाकोट नगरपालिका

**निर्णय नं. ३** आ.व. २०७८/०८९ को प्रदेश सरकार अन्तर्गत समपुरक/ बिषेश र शशर्त अनुदान मागका लागि तपसिल बमोजिमको कार्यक्रमहरु सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

| **क्र.सं.** | **कार्यक्रम/ आयोजना को नामावली** | **गैंडाकोट वडा नं.** | **कैपियत** |
|---|---|---|---|
| १ | नेपाल राष्ट्रिय शमशेर मा.वि.को बहुउद्धेशीय भवन निर्माण | वडा नं. १ | |
| २ | नारायणी किनारमा ग्रीन बेल्ट तथा मनोरञ्जन स्थल निर्माण | वडा नं. २ | |
| ३ | पार्क व्यवस्थापन र जयश्री खोलामा तटबन्धन गरी ड्याम निर्माण | वडा नं. ४ | |
| ४ | राधाकृष्ण मन्दिर परिसरमा अपांगमैत्री,आधुनिक सुविधा सम्पन्न खालको वृद्धश्राम निर्माण | वडा नं. ५ | |
| ५ | हरिहर योगालय तथा पार्क निर्माण | वडा नं. ७ | |
| ६ | भेडाबारी खेलमैदान संगै बालमैत्री पार्क र थेरापीपिकल स्थल निर्माण | वडा नं. ११ | |
| ७ | वेल्डीया खोला साइडमा ऐलानी जग्गा छुटाई तटबन्ध, बाटो खेलकुद मैदान निर्माण | वडा नं. १६ | |
| ८ | दुर्गा आधारभुत विद्यालय भवन निर्माण | वडा नं. १० | |

**निर्णय नं. ४** नेपाल सरकारद्वारा लागू गरिएको स्वास्थ्य बिमा कार्यक्रम गैंडाकोट नगर अस्पतालमा सञ्चालन गर्नका लागि राष्ट्रिय बिमा बोर्डले तयार गरेको आधारभुत मापदण्ड पूरा गरी बोर्डबाट प्रवाहित बिमा कार्यक्रम अन्तर्गतका सेवा र सुविधाहरु उपलब्ध गराउन उक्त अस्पताललाई सूचिकरणमा समावेश गर्नका लागि आवश्यक प्रकृया अगाडी बढाउनको लागि स्वास्थ्य बिमा बोर्डमा सिफारिस गर्ने निर्णय गरियो ।

गैंडाकोट नगरपालिका